# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिमप्रदेश, नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७२

## आन्तरिक आय संकलनतर्फको बोलपत्र बढाबढ आव्हान सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मिति : २०७८/०५/१५ गते**

यस गोदावरी नगर कार्यपालिकाको निर्णयानुसार स्थानीय तहको अधिकारक्षेत्रभित्र रहेका देहायका शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०७८/७९ देखी आ.व. २०८०/८१ सम्म तीन आर्थिक वर्षकालागि ठेक्काद्वारा गराउन तेश्रोपटक यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, यस कार्यालयको वेभ साईट www.godawarimunkailali.gov.np तथा कार्यालय समय भित्र गोदावरी नगरकार्यपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| आन्तरिक आय ठेक्का नं. | उठाउनुपर्ने राजश्व शिर्षक | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर | धरौटी | सूचनाको अवधी |
|---|---|---|---|---|---|
| १–२०७८/७९ | विज्ञापन कर | रु.९००,०००।- (नौ लाख मात्र) तथा प्रत्येक वर्ष १०% वृद्धि हुने । | रु. १,०००।- | कबोल अंकको ५% | १५ दिन |

**क. ठेक्का सम्बन्धी शर्तहरु :**

१. ठेक्का अवधी २०७८ साल श्रावण १ गतेदेखि वा ठेक्का सम्झौता भएको मिति देखि २०८१ आषाढ मसान्त (तीन आर्थिक वर्ष) सम्म हुनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्मको कार्यालय समय भित्र गोदावरी नगरपालिकाको कार्यालय, अत्तरियाबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु १६औं दिन अपरान्ह १२:०० बजे भित्र गोदावरी नगरपालिका कार्यालय, अत्तरियामा दर्ता गर्नुपर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे गोदावरी नगरपालिकाको कार्यालय, अत्तरियामा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा बोलपत्र खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

३. वोलपत्रदाताले खामको वाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वाफत कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत यस गो.न.पा. कार्यालय, अत्तरिया, कैलालीको नाममा रहेको एन.आई.सि एसिया वैंक अत्तरिया स्थित चल्ती हिसाव नं. ७१४१४९८६२२५२४००१ ग ३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० (एक सय बिस) दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिड बण्ड) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन ।

६. बोलपत्र खरिद गर्दा नियामानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको एन.आई.सी एसिया, अत्तरिया शाखामा रहेको खाता नं. ०७१२०५१४९८६२२०११ ग १.१ आन्तरीक राजश्व खातामा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्ने छ ।

देवराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैन्न । बोलपत्रको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये बढीवालामध्ये जुनसुकै बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संशोधन लगायत, आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको बोलपत्र स्विकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार तथा गोदावरी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. कूल कबोल अङ्कमध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बुझाए पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ । ठेक्का रकम नगरपालिकामा बुझाँउदा सो को मू.अ.कर वापतको थप १३% रकम पनि बुझाउनु पर्नेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ताबुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिनभित्र | प्रथम आ.व.का लागि कबोल गरेको रकम |
| दोस्रो | २०७९ साल श्रावण १५ गते भित्र | दोश्रो आ.व.का लागि कबोल गरेको रकम |
| तेस्रो | २०८० श्रावण १५ गते भित्र | तेश्रो आ.व.का लागि कबोल गरेको रकम |

१३. सम्झौतापत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनुपर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. गोदावरी नगरपालिका, कैलालीले तोकेको कर, शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु आन्तरिक राजश्व कार्यालय, कैलाली तथा यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाईने छैन । तर विशेष परिस्थितीमा नगरपालिकाको नियमानुसार हुनेछ ।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी कर, शुल्क संकलन गर्न पाईने छैन ।

१८. ठेकेदारले गोदावरी नगरपालिका, अत्तरिया, कैलालीको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९. ठेकेदारले ३/३ महिनामा कर संकलनको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२०. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनकालागि अभिन्न अंगको रुपमा मानिनेछन् । तर नगरपालिकाले समय समयमा दिएको निर्देशनहरु ठेकेदारले पालना गर्नुपर्नेछ ।

२१. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**देवराज जोशी**

**प्रमुख प्रशासकीय अधिकृत**